# राजविराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सप्तरी

# आशय-पत्र माग सम्बन्धमा

**प्रथम पटक प्रकाशित मिति : २०७६ पुष ३ गते बिहिवार**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको द्विपक्षिय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत परियोजना सहयोग ईकाई/हेल्भेटास नेपालको प्राविधिक सहयोगमा स्थानीय सरकार (राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, शम्भुनाथ नगरपालिका र राजगढ गाउँपालिका) को नेतृत्वमा सञ्चालित सुरक्षित आप्रवासन परियोजना (Safer Migration Porject-SaMi) अन्तर्गत सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी श्रोत केन्द्र सञ्चालन, सामुदायिक सचेतीकरणका लागि कार्यक्रमहरु, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता कार्यक्रम, न्यायमा पहुँच, सीप तालिमको लागि उत्प्रेरणा र स्वयंसेवक परिचालन आदीकालागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका ईच्छुक संघ-संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशय-पत्र आहवान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्रमा तर अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलि पल्ट कार्यालय समयमा राजविराज नगरपालिका, सप्तरीमा आईपुग्ने गरी आशय-पत्र पेश गर्नुपर्नेछ।

(१) आशय–पत्रदाताको योग्यता :
   (क) अनुभव : कम्तिमा सात (७) बर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको।
   (ख) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएको लाई प्राथमिकता दिईनेछ।

(२) आशय-पत्रको ढाँचा राजविराज नगरपालिकाको वेभ साईट rajbirajmun.gov.np मा राखिएको छ।

(३) प्रस्तावित कार्यको अवधीः आ.व.२०७६।०७७ देखि आ.व. २०७८।०७९ सम्म परामर्श सेवा प्रदान गर्नुपर्नेछ।

(३) संक्षिप्त सूचीमा परेका संघ-संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्तावना माग गरिनेछ।

(४) आशय–पत्रदाताले आशय–पत्र साथ माग भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ।

(५) आशय-पत्रको ढाँचामा समावेश गरिएको निर्देशन पालना नभएको आशय-पत्र उपर कारवाहि गरिने छैन।

(७) सुरक्षित आप्रवासन सम्बन्धी सम्पूर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ।

(८) यो सेवाप्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संघसंस्थासंग उप-सम्झौता (sub contract) गर्न पाईने छैन तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल र आप्रवासी कामदार हकहित सञ्जालसंग उप-सम्झौता गर्न यो बुदाँले वाधा पुऱ्याउने छैन।

(९) आवश्यक थप जानकारीकालागि सम्पर्क गर्ने ठेगाना र सम्पर्क व्यक्ति : कर्मचारी प्रशासन शाखा, राजविराज नगरपालिका, सप्तरी। ईमेल : rajbirajmunsaptari@gmail.com